फोन नं.:- ०३७५२०१८१
फ्याक्स:- ०३७५२०१८१

# निर्वाचन आयोग
# जिल्ला निर्वाचन कार्यालय
# ओखलढुङ्गा

मिति: २०७९/०५/०१

पत्र संख्या:- ०७९/८०
चलानी नं. :- २९
श्री स्थानीय तह (सबै),
ओखलढुङ्गा ।

**विषयः निर्वाचन आयोगको निर्णय कार्यान्वयन गर्ने गराउने सम्बन्धमा ।**

निर्वाचन आयोगको मिति २०७९/०४/३१ को बैठकको निर्णय तथा सूचना लगायतका कागजातहरु यसै साथ संलग्न राखी पठाइएको छ । आयोगको प.सं.च.नं.६२/०७९/८० मिति २०७९/०५/०१ को पत्र र सूचनामा उल्लेख भए बमोजिम तहाँ पालिकाबाट सम्पादन गर्नुपर्ने कार्यहरु निर्धारित समयमा गर्नु गराउनहुन अनुरोध छ ।साथै पत्र साथ संलग्न निम्न कागजात तथा विवरणहरु तहाँ पालिकाको वेवसाईट र सूचना पाटीमा प्रकाशन गरी सोको मुचुल्का यस कार्यालयमा यथाशिघ्र पठाउनहुन अनरोध छ ।

संलग्न कागजातहरुः

१. निर्वाचन आयोग नेपालको च.नं. ६२/०७९/८० को पत्र पाना संख्या -३ (तीन)
२. स्थानीय तह निर्वाचन, २०७९ मा उम्मेदवार भई कानूनले तोकेको समयवधि ३० (तिस) दिन भित्र निर्वाचन खर्चको विवरण पेश नगर्ने उम्मेदवारहरुका नाउमा सात दिन भित्र सफाइ सहितको स्पष्टीकरण पेश गर्ने सम्बन्धी सूचना, पाना संख्या -१ (एक)
३. स्थानीयत तह निर्वाचन, २०७९ मा उम्मेदवार भई कानूनले तोकेको समयावधि ३०(तीस) दिन भित्र निर्वाचन खर्चको विवरण पेश गर्ने उम्मेदवारहरुले खर्चको विवरण सार्वजनिक गर्ने सम्बन्धि अत्यन्त जरुरी सूचना, पाना संख्या -१ (एक)
४. स्पष्टिकरण पेश गर्ने सम्बन्धी गोरखा पत्रमा मिति २०७९/०५/०१ मा प्रकाशित सूचनाको छाँया प्रति -१ (एक)
५. खर्चको विवरण पेश गरेका तथा नगरेका उम्मेदवारहरुको विद्युतीय प्रति,

२०७९।५।१
प्रेम प्रसाद न्यौपाने
जिल्ला निर्वाचन अधिकारी

बोधार्थः
**श्री निर्वाचन आयोग नेपाल, कान्तीपथ, काठमाण्डौं ।**

Email: **deo.okhaldhunga@election.gov.np** , electionokhaldhunga@yahoo.com

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref: ६२/०६९।८०

(कानून तथा राजनीतिक दल व्यवस्थापन महाशाखा)

मिति:२०७९/५/१

विषय:-निर्णय बमोजिम गर्नु गराउनु हुन।

श्री प्रदेश निर्वाचन कार्यालय (सबै),
श्री जिल्ला निर्वाचन कार्यालय (सबै)।

उपर्युक्त सम्बन्धमा आयोगको मिति २०७९/४/३१ को बैठकबाट देहाय बमोजिम गर्ने निर्णय भएको हुँदा निर्णय बमोजिम गर्नु गराउनु हुन अनुरोध छ।

देहाय

(१) स्थानीय तहको निर्वाचनमा उम्मेदवारी दिई निर्वाचित वा पराजित भई निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र निर्वाचन खर्चको विवरण पेश गर्ने यसै साथ संलग्न सूची बमोजिमका २१,२३० जना उम्मेदवारहरूलाई निर्वाचनमा भएको खर्चको विवरण निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा ३१ को उपदफा (४) बमोजिम प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्षका उम्मेदवारहरूले आफू उम्मेदवार भएको स्थानीय तहको कार्यालयमा र वडा अध्यक्ष, महिला सदस्य, दलित महिला सदस्य र वडा सदस्य पदका उम्मेदवारहरूले आफू उम्मेदवार भएको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा सात दिनभित्र सार्वजनिक गरी सोको जानकारी सम्बन्धित जिल्लाको निर्वाचन कार्यालयलाई उपलब्ध गराउन निर्देशन दिई निर्वाचन खर्चको विवरण सार्वजनकि गर्ने व्यहोराको सूचना राष्ट्रिय दैनिक गोरखापत्रमा प्रकाशन गर्ने,

(२) प्रकरण नं. १ बमोजिम सात दिनभित्र सम्बन्धित उम्मेदवारले निर्वाचन खर्चको विवरण सावर्जनिक गरेको जानकारी प्राप्त भए पछि त्यसरी निर्वाचन खर्चको विवरण सार्वजनिक गर्ने उम्मेदवारको नाम थर, स्थानीय तह, उम्मेदवार भएको पद र निर्वाचन खर्चको विवरण सार्वजनिक गरेको मिति सहितको एकीकृत विवरण तयार गरी यथाशिघ्र आयोगको इमेल (ecn.ppm.election@gov.np) मा पठाउन सबै निर्वाचन अधिकारीहरूलाई निर्देशन दिने, ecn.ppm@election.gov.np.

(३) निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम राजनीतिक दल वा उम्मेदवारले निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० दिन भित्र निर्वाचनमा भएको खर्चको बील भर्पाइ सहित आयोगले तोकेको कार्यालयमा पेश गर्नु पर्ने व्यवस्था, स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ को उपदफा (४) बमोजिम निर्वाचन खर्चको विवरण दल वा उम्मेदवारले निर्वाचन परिणाम घोषणा भएको मितिले तीस दिनभित्र बुझाउनु पर्ने व्यवस्था र स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम ४० बमोजिम उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले निर्वाचनको अवधिमा निर्वाचनमा भएको सम्पूर्ण खर्चको विवरण अनुसूची ३० बमोजिमको ढाँचामा निर्वाचन


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३। फ्याक्स: (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np

परिणाम घोषणा भएको तीस दिनभित्र सम्बन्धित जिल्ला वा प्रदेश निर्वाचन कार्यालयमा बुझाउनु पर्ने कानूनी व्यवस्था बमोजिम स्थानीय तहको निर्वाचनमा भाग लिई तोकिएको समयावधिभित्र निर्वाचन खर्चको विवरण नबुझाउने १,१५,१३१ जना उम्मेदवारहरूलाई र तोकिएको समयावधिपछि निर्वाचन खर्चको विवरण बुझाउने ८,६५२ जना समेत कूल जम्मा १,२३,७८३ जना आयोगको वेवसाइटमा नामावली विवरण भएका उम्मेदवारहरूलाई तोकिएको समयावधिभित्र के कुन कारणले निर्वाचन खर्चको विवरण नबुझाएको हो? तोकिएको समयावधिभित्र निर्वाचन खर्चको विवरण नबुझाएकोमा तपाईहरूलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ बमोजिम किन कारबाही हुनु नपर्ने हो? भनी सोही ऐनको सोही दफाको उपदफा (४) बमोजिम आफ्नो सफाई सहितको स्पष्टीकरण गोरखापत्रमा सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित जिल्लाको जिल्ला निर्वाचन कार्यालय वा निर्वाचन आयोग, कान्तिपथ, काठमाडौंमा आफै उपस्थित भई वा आयोगको राजनीतिक दल व्यवस्थापन शाखाको इमेल (ecn.ppm.election@gov.np) मा पेश गर्न आदेश दिने,

(४) प्रकरण नं. ३ मा उल्लेखित सफाई सहितको स्पष्टीकरण पेश गर्ने सम्बन्धी सूचना राष्ट्रिय दैनिक गोरखापत्रमा प्रकाशन गर्ने,

(५) निर्वाचन खर्चको विवरण कानूनद्वारा तोकिएको समयमा नबुझाउने १,२३,७८३ जना उम्मेदवारहरूको नाम नामेशी सहित आफ्नो सफाई सहितको स्पष्टीकरण पेश गर्ने सम्बन्धी विवरण आयोगको Website मा प्रकाशन गर्ने र सो नाम नामेशी सहितको स्पष्टीकरण माग गरिएको विवरण सूचना प्रविधि शाखाले ७७ वटै जिल्लाको जिल्लागत रूपमा अलग अलग रूपमा छुट्‌ट्याई त्यसरी छुट्याइएको जिल्लागत नाम नामेशी सहितको विद्युतीय विवरण सम्बन्धित जिल्लाको निर्वाचन कार्यालयमा यथाशिघ्र पठाउने,

(६) प्रकरण नं. (५) बमोजिम पठाइएको नाम नामेशी सहितको स्पष्टीकरण माग गरिएको विवरण सम्बन्धित निर्वाचन कार्यालयले आफ्नो कार्गलयको Website मा राखी आफ्नो कार्यालयमा सबैले देख्ने गरी प्रकाशन गरी सोको मुचुल्का खडा गर्ने र निर्वाचन कार्यालयले सूचना प्रविधि शाखाबाट प्राप्त हुने सो नाम नामेशी सहितको स्पष्टीकरण माग गरिएको विवरण सम्बन्धित स्थानीय तहमा विद्युतीय प्रति पठाई सम्बन्धित स्थानीय तहको Website मा र कार्यालयमा सबैले देख्ने गरी सो नाम नामेशी विवरण प्रकाशन गर्न लगाई सोको रित पुर्वकको मुचुल्का निर्वाचन कार्यालयमा पठाइदिन अनुरोध गरी सम्बन्धित स्थानीय तहलाई पत्राचार गर्न सबै निर्वाचन अधिकारीहरूलाई निर्देशन दिने,

(७) प्रकरण नं. ६ बमोजिम निर्वाचन खर्चको विवरण तोकिएको समयमा नबुझाउने र तोकिएको समयावधि व्यतित भए पछि बुझाउने उम्मेदवारहरूको नाम नामेशी सहित स्पष्टीकरण माग गरिएको र प्रकाशन गरेको मुचुल्का स्थानीय तहबाट माग गरी सो मुचुल्का र निर्वाचन कार्यालयले विवरण प्रकाशन गर्दा तयार गरेको मुचुल्का आयोगको इमेल (ecn.ppm.election@gov.np) मा यथाशिघ्र पठाउन सम्बन्धित जिल्लाका निर्वाचन अधिकारीहरूलाई निर्देशन दिने,

(८) प्रस्तुत निर्णयको आधारमा थप हुन जाने प्रशासनिक, प्राविधिक र व्यवस्थापकीय कार्यचापलाई दृष्टिगत गरी कार्यप्रणालीलाई सहज बनाउनका निमित्त आवश्यकता अनुसार थप जनशक्तिको व्यवस्था गरी जिम्मेवारी तोकी


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३ । फ्याक्स: (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np

प.सं. च.नं./Ref:

गोरखापत्र दैनिक पत्रिकामा सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र कार्य सम्पन्न गर्नका लागि आयोगको सचिवालयलाई निर्देशन दिने,

(९) प्रकरण नं. १. र ६. बमोजिमका उम्मेदवारहरूको विवरण तयार गर्ने कर्मचारीले दस्तखत गरी पेश गर्ने व्यवस्था गर्ने र सोको विवरण अभिलेख राख्न कानून तथा राजनीतिक दल व्यवस्थापन महाशाखा प्रमुखलाई जिम्मेवारी दिने।

२०६४।४।१९

(गुरु प्रसाद बाग्ले)
उपन्यायाधिवक्ता

**बोधार्थः**

सूचना प्रविधि शाखा,
कान्तिपथ काठमाण्डौं-तहाँ शाखासँग सम्बन्धित निर्णय व्यहोरा कार्यान्वयन हुन।



कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३ । फ्याक्स: (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# निर्वाचन आयोग, नेपाल

## स्थानीय तह निर्वाचन २०७९ मा उम्मेदवार भई कानूनले तोकेको समयावधि ३० (तीस) दिन भित्र निर्वाचन खर्चको विवरण पेश नगर्ने उम्मेदवारहरुका नाउमा सात दिनभित्र सफाइ सहितको स्पष्टीकरण पेश गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

प्रकाशन मिति २०७९।५।१

निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम राजनीतिक दल वा उम्मेदवारले निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० दिन भित्र निर्वाचनमा भएको खर्चको बील भर्पाइ सहित आयोगले तोकेको कार्यालयमा पेश गर्नु पर्ने, स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ को उपदफा (४) बमोजिम निर्वाचन खर्चको विवरण दल वा उम्मेदवारले निर्वाचन परिणाम घोषणा भएको मितिले तीस दिनभित्र बुझाउनु पर्ने, स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम ४० बमोजिम उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले निर्वाचनको अवधिमा निर्वाचनमा भएको सम्पूर्ण खर्चको विवरण तोकिए बमोजिमको ढाँचामा निर्वाचन परिणाम घोषणा भएको मितिले तीस दिन भित्र सम्बन्धित प्रदेश वा जिल्ला निर्वाचन कार्यालयमा बुझाउनु पर्ने कानूनी व्यवस्था गरेको छ।

स्थानीय तह निर्वाचन २०७९ मा उम्मेदवारी दिई तोकिएको समयावधि भित्र निर्वाचन खर्चको विवरण नबुझाउने र तोकिएको समयावधि समाप्त भएपछि निर्वाचन खर्चको विवरण बुझाउने उम्मेदवारहरुलाई तोकिएको समयावधि भित्र के कुन कारणले निर्वाचन खर्चको विवरण नबुझाउनु भएको हो? तोकिएको समयावधि भित्र निर्वाचन खर्चको विवरण नबुझाएकोमा तपाइहरुलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ बमोजिम किन कारवाही हुनु नपर्ने हो? सो सम्बन्धमा निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ को उपदफा (४) बमोजिम आफ्नो सफाई सहितको स्पष्टीकरण ७ (सात) दिनभित्र सम्बन्धित निर्वाचन कार्यालय वा निर्वाचन आयोग नेपालमा पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ।

स्थानीय तह निर्वाचन २०७९ मा उम्मेदवारी दिई निर्वाचन खर्चको विवरण नबुझाउने र कानूनले तोकेको समयावधि समाप्त भई सकेपछि निर्वाचन खर्चको विवरण बुझाउने सम्बन्धित स्थानीय तहका उम्मेदवारहरुको नाम नामेशी सहितको विवरण आयोगको वेवसाईट WWW.election.gov.np मा र सम्बन्धित निर्वाचन कार्यालयको वेवसाईटमा र सो कार्यालयको सूचना पार्टीमा समेत टास गरिएको हुँदा सूचना पार्टी र वेवसाईटहरुमा हेर्न सकिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

♦♦♦

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# निर्वाचन आयोग, नेपाल

## स्थानीय तह निर्वाचन २०७९ मा उम्मेदवार भई कानूनले तोकेको समयावधि ३० (तीस) दिन भित्र निर्वाचन खर्चको विवरण पेश गर्ने उम्मेदवारहरुले खर्चको विवरण सार्वजनिक गर्ने सम्बन्धी

## अत्यन्त जरुरी सूचना

प्रकाशन मिति २०७९।५।१

स्थानीय तहको निर्वाचनमा उम्मेदवारी दिई निर्वाचित वा पराजित भई निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र निर्वाचन खर्चको विवरण पेश गर्ने उम्मेदवारहरुलाई निर्वाचनमा भएको खर्चको विवरण निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा ३१ को उपदफा (४) बमोजिम प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्षका उम्मेदवारहरुले आफू उम्मेदवार भएको स्थानीय तहको कार्यालयमा र वडा अध्यक्ष, महिला सदस्य, दलित महिला सदस्य र वडा सदस्य पदका उम्मेदवारहरुले आफू उम्मेदवार भएको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा सात दिनभित्र सार्वजनिक गरी सोको जानकारी सम्बन्धित जिल्लाको निर्वाचन कार्यालयलाई वा निर्वाचन आयोग नेपालमा उपलब्ध गराई दिनुहुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र निर्वाचन खर्चको विवरण पेश गर्ने उम्मेदवारहरुको नाम नामेशी सहितको विवरण आयोगको वेवसाईट WWW.election.gov.np मा र सम्बन्धित जिल्लाको जिल्ला निर्वाचन कार्यालयको सूचना पार्टीमा टास गरिएको र सो कार्यालयको वेवसाईटमा समेत राखिएको हुदा सूचना पार्टी र वेवसाईटहरुमा हेर्न सकिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

♦♦♦

## समाचार सङ्क्षेप

### पूर्वाधार एम्बुलेन्स सेवा सञ्चालन

**रुकुमपूर्व समाचारदाता**
रुकुमपूर्व, साउन ३१ गते

सिस्ने गाउँपालिकाले सञ्चालनमा ल्याएको पूर्वाधार एम्बुलेन्स सेवाका कारण गाउँपालिकावासी खुसी छन्। यसअघि पूर्वाधार एम्बुलेन्स सेवा नहुँदा बर्सातको समयमा पहिरो आउँदा लामो समयसम्म सडक अवरुद्ध भइरहने समस्या थियो।

यस वर्ष सडक अवरुद्ध भए पनि हटाउनका लागि छिटो र सहज रूपमा पूर्वाधार एम्बुलेन्स सेवाले काम गरेको छ। बर्सातमा पहिरो गइरहने भएकाले त्यसलाई तुरुन्त हटाउन सिस्ने गाउँपालिकाले स्थानीयको मागअनुसार पूर्वाधार एम्बुलेन्स सेवा सञ्चालनमा ल्याएको हो।

वर्षाका कारण पहाडी क्षेत्रमा पहिरो गइरहने र त्यसले बाटो अवरुद्ध भइरहने भएकाले आपतकालीन रूपमा सडक खुलाउन प्राविधिकसहित जेसीबी र ट्याक्टर परिचालन गरिएको छ। ट्याक्टरसहित अरू तीन कर्मचारीलाई पनि गाउँपालिकाले परिचालन गरेको जनाएको छ। "वर्षायाममा धेरै ठाउँमा स-साना पहिरो र बाढीका कारण जनताले दुःख नपाऊन भनेर यो एम्बुलेन्स सेवा सञ्चालन गरेका हौँ," गाउँपालिका अध्यक्ष कृष्ण नेपालीले बताउनुभयो।

# तीन नयाँ सहर बसाल्न राप्ती कोरि

**दिवाकर पोखेल**
देउखुरी, साउन ३१ गते

दाङको देउखुरीमा राप्ती कोरिडोर निर्माण हुने भएको छ। राप्ती नदीको उत्तर-दक्षिण गरी दुवै क्षेत्रमा कोरिडोर निर्माण हुन भएको हो। एसियाली विकास बैङ्क (एडीबी)को करिब १० अर्ब रुपियाँको लगानीमा निर्माण हुने कोरिडोर राप्ती गाउँपालिकाबाट सुरु भएर बाँके जिल्लाको राप्तीसोनारी गाउँपालिकाको अगैयासम्म पुग्नेछ।

उक्त कोरिडोरको सहरी विकासमन्त्री मेटमणि चौधरीले राप्ती गाउँपालिका-१, पाल्वापानीस्थित इन्टेक नम्बर २ मा विधिवत् रूपमा शिलान्यास गर्नुभएको छ। कोरिडोरको शिलान्यास गर्दै मन्त्री चौधरीले राप्ती कोरिडोर देउखुरीवासीको भविष्य र आफ्नो सपनाको परियोजना भएको बताउनुभयो। सङ्घीय निर्वाचनका बेला आफूले जनतामाझ गरेका चारवटा महत्त्वपूर्ण योजनामध्ये राप्ती कोरिडोर पनि भएको उहाँले बताउनुभयो।

मन्त्री चौधरीले भन्नुभयो, "राप्ती कोरिडोर यतिकै ल्याइएको योजना होइन। यसबाट राप्ती नदीले कटान गर्ने देउखुरी उपत्यकाको हजारौँ बिघा जग्गा संरक्षण हुने, नदीको दुवै किनाराबाट सडक जाने हुँदा सभ्यतामा आधारित कोरिडोरका रूपमा पनि लिन सकिन्छ।" मन्त्री चौधरीले परियोजना कार्यान्वयनका लागि एडीबीका नेपाल निर्देशकसँगको छलफलपछि बजेट सुनिश्चित भएर काम अघि बढाइएको जानकारी दिँदै बजेट अभाव नहुने बताउनुभयो। सोही कोरिडोरमा पर्ने निर्मिनियाँमा ८७ बिघा रहेको जानकारी दिँदै उक्त स्थानमा विमानस्थल बनाउन सकिने उहाँले उल्लेख गर्नुभयो। देशका ठूला कोरिडोरमा काठमाडौँका धोबीखोला कोरिडोर, बागमती कोरिडोरपछि राप्ती कोरिडोर भएकाले पनि यस परियोजनालाई उहाँले 'दाङको सपना' भएको बताउनुभयो।

लुम्बिनी प्रदेश सरकारले प्रदेश राजधानी कार्यान्वयनका लागि राप्ती नदी सभ्यतामा आधारित नयाँ सहरको परिकल्पना गरेको छ। जसको विस्तृत परियोजना प्रतिवेदन प्रदेश पूर्वाधार विकास प्राधिकरणले तयार पारेर नदी उकास क्षेत्रमा ल्यान्ड पुलिङका आधारमा नयाँ सहरको परिकल्पना गरेको छ। सोही परियोजनालाई समेट्दै राप्ती कोरिडोर अघि बढेको हो।

सहरी विकास मन्त्रालयअन्तर्गत सहरी विकास तथा भवन निर्माण विभागका महानिर्देशक सुरेन्द्रमोहन श्रेष्ठले राप्ती कोरिडोर नदी नियन्त्रण, जग्गा संरक्षण, सडक सुविधा र नयाँ सहरको सोचसाथ आएको बताउनुभयो। देउखुरीका भालुवाङ, गढवा र लालपुर गरी तीन स्थानमा नयाँ सहरको परिकल्पनासहित कोरिडोरको योजना अघि सारिएको जानकारी उहाँले दिनुभयो।

उक्त सडकको चौडाइ २१ मिटर फराकिलो हुनेछ। ठूला नदीमा ठूल नरबाल्नेगरी ६७ दशमलव ४० किलोमिटर उत्तरी क्षेत्र र ६८ दशमलव ३० किलोमिटर दक्षिणी क्षेत्रमा गरेर कुल १३४ किलोमिटर लामो बन्नेछ। राप्ती क्षेत्रमा कोरिडोर बन्ने भा छन्। राप्ती गाउँपालिका ... देउखुरीवासीले यसलाई रूपमा लिएको बताउनुभयो।



राप्ती कोरिडोरको शिलान्यास गर्नुहुँदै सहरी विकासमन्त्री मेटमणि चौधरी।

# अन्तिम गर्भजाँच गराउँदैनन् गर्भवती

**बर्दिया समाचारदाता**
बर्दिया, साउन ३१ गते

बर्दिया जिल्लाका गर्भवती महिलामा अन्तिम पटक गर्भजाँच गराउन आउनेको सङ्ख्यामा कमी देखिएको छ। स्वास्थ्य कार्यालय बर्दियाको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०७८/७९ मा पहिलो पटक गर्भवती जाँच गराउनेभन्दा अन्तिम पटक गर्भजाँच गराउनेको सङ्ख्यामा एक हजार ३८४ जनाले कमी देखिएको हो। स्वास्थ्य कार्यालय बर्दियाको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०७८/७९ मा पहिलो पटक छ हजार ९६४ जना गर्भवतीले जाँच गराएका थिए। अन्तिम पटक पाँच हजार ४८४ जना गर्भवतीले जाँच गराएका थिए। पहिलो पटकभन्दा अन्तिम पटक गर्भवती महिलाले स्वास्थ्य संस्थामा जाँच गराउन नआउनेको सङ्ख्या एक हजार ३८४ ले कमी रहेको छ। आर्थिक वर्ष २०७७/७८ मा पहिलो पटक सात हजार जना गर्भवती महिलाले जाँच गराएका थिए। अन्तिम पटक भने पाँच हजार ९८४ जना गर्भवतीले जाँच गराएका थिए।

गर्भवती भएपछि नेपाल सरकारको स्वास्थ्य मापदण्डअनुसार चार पटक अनिवार्य स्वास्थ्य जाँच गर्नुपर्ने हुन्छ। पहिलो पटक (चौथो महिना), दोस्रो (छैटौँ महिना), तेस्रो (आठौँ महिना) र चौथो (नवौँ महिनामा) गर्भजाँच गराउनुपर्ने हुन्छ। चिकित्सकको प्रत्यक्ष निगरानीमा रही औषधि र स्वास्थ्य सेवा लिनुपर्ने स्वास्थ्य मापदण्डभित्र पर्छ।

गर्भवतीको अन्तिम गर्भजाँचमा घटबढको विषयमा बर्दिया अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डाक्टर सुभाष पाण्डेले पहिलो पटक गर्भजाँच गर्ने गर्भवतीमध्ये केही गर्भवतीले निधि चिकित्सकसँग जाँच गर्ने गरेको पाइन्छ र केही गर्भवती नौ महिना नपुग्दै सुत्केरी हुँदा पनि तथ्याङ्कमा फरक पर्ने गरेको बताउनुभयो। स्वास्थ्य कार्यालय बर्दियाका वरिष्ठ जनस्वास्थ्य अधिकृत गोकर्ण गिरीले पहिलो पटक गर्भवती जाँच गरेपछि केहीले कानुनविपरीत असुरक्षित गर्भपतन गर्नु, गर्भ खेर जानु, गर्भावस्थामा शिशु अपाङ्ग देखिएमा र आमा असुरक्षित भएमा गरिने शल्यक्रियालगायतका कारण पनि पहिलो पटक (चौथो महिना) र अन्तिम पटक (नौ महिना)मा गर्भवती जाँच गर्न आउने सङ्ख्यामा फरक पर्ने गरेको बताउनुभयो।


## निर्वाचन आयोग, नेपाल

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

**स्थानीय तह निर्वाचन २०७९ मा उम्मेदवार भई कानुनले तोकेको समयावधि ३० (तीस) दिनभित्र निर्वाचन खर्चको विवरण पेस नगर्ने उम्मेदवारहरूका नाउँमा सात दिनभित्र सफाइ सहितको स्पष्टीकरण पेस गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना**

**प्रकाशन मिति : २०७९।५।१**

निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम राजनीतिक दल वा उम्मेदवारले निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० दिनभित्र निर्वाचनमा भएको खर्चको बिल भर्पाइ सहित आयोगले तोकेको कार्यालयमा पेस गर्नुपर्ने, स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ को उपदफा (४) बमोजिम निर्वाचन खर्चको विवरण दल वा उम्मेदवारले निर्वाचन परिणाम घोषणा भएको मितिले तीस दिनभित्र बुझाउनुपर्ने, स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम ८० बमोजिम उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले निर्वाचनको अवधिमा निर्वाचनमा भएको सम्पूर्ण खर्चको विवरण तोकिए बमोजिमको ढाँचामा निर्वाचन परिणाम घोषणा भएको मितिले तीस दिनभित्र सम्बन्धित प्रदेश वा जिल्ला निर्वाचन कार्यालयमा बुझाउनुपर्ने कानुनी व्यवस्था गरेको छ।

स्थानीय तह निर्वाचन २०७९ मा उम्मेदवारी दिई तोकिएको समयावधिभित्र निर्वाचन खर्चको विवरण नबुझाउने र तोकिएको समयावधि समाप्त भएपछि निर्वाचन खर्चको विवरण बुझाउने उम्मेदवारहरूलाई तोकिएको समयावधिभित्र के-कुन कारणले निर्वाचन खर्चको विवरण नबुझाउनुभएको हो ? तोकिएको समयावधिभित्र निर्वाचन खर्चको विवरण नबुझाएकोमा तपाईंहरूलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ बमोजिम किन कारबाही हुनुनपर्ने हो ? सो सम्बन्धमा निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ को उपदफा (४) बमोजिम आफ्नो सफाइ सहितको स्पष्टीकरण ७ (सात) दिनभित्र सम्बन्धित निर्वाचन कार्यालय वा निर्वाचन आयोग नेपालमा पेस गर्नहुन यो सूचना प्रकाशन गरिएको छ।

स्थानीय तह निर्वाचन २०७९ मा उम्मेदवारी दिई निर्वाचन खर्चको विवरण नबुझाउने र कानुनले तोकेको समयावधि समाप्त भइसकेपछि निर्वाचन खर्चको विवरण बुझाउने सम्बन्धित स्थानीय तहका उम्मेदवारहरूको नाम नामेसी सहितको विवरण आयोगको वेबसाइट www.election.gov.np मा र सम्बन्धित निर्वाचन कार्यालयको वेबसाइटमा र सो कार्यालयको सूचना पाटीमा समेत टाँस गरिएको हुँदा सूचना पाटी र वेबसाइटहरूमा हेर्न सकिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

## निर्वाचन आयोग नेपाल

कान्तिपथ, काठमाडौँ।

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

**निर्वाचन सामग्री ढुवानी गर्न तथा कुरियर सेवा लिनका लागि फर्म कम्पनी सूचीकृत गर्ने सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०७९।०५।०१)**

१. सम्वत् २०७९ साल मङ्सिर ४ गते हुने प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनमा प्रयोग हुने निर्वाचन सामग्रीहरू ढुवानी गर्न निर्वाचन आयोग ऐन, २०७३ को दफा ३८ बमोजिम ट्रक/कन्टेनरबाट ढुवानी गर्न तथा कुरियर सेवा सञ्चालन गर्ने फर्म/कम्पनी सूचीकृत गर्नुपर्ने भएकोले प्रचलित कानुन बमोजिम इजाजत प्राप्त इच्छुक फर्म/कम्पनीलाई देहायका सर्तहरू र वार्षिक औसत कारोबारको अधीनमा रही यस आयोगमा निवेदन दिई सूचीकृत हुन यो सूचना प्रकाशन गरिएको छ।

२. निवेदन साथ फर्म/कम्पनी दर्ता प्रमाणपत्र, सम्बन्धित निकायबाट सेवा सञ्चालन गर्न प्राप्त गरेको इजाजत पत्र, मू.अ.कर दर्ता प्रमाणपत्र, आ.व. २०७७/०७८ सम्मको कर चुक्ता प्रमाणपत्र र विगत तीन आ.व. को तपसिल बमोजिमको वार्षिक कारोबार अङ्क खुलेको प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी आयोगमा दर्ता गराउन सकिनेछ। म्याद नाघी प्राप्त हुन आएका निवेदन उपर कुनै कारबाही गरिनेछैन।

| समूह | सेवाको विवरण | पछिल्लो तीन आ.ब. को न्यूनतम औसत बार्षिक कारोबार रकम रु. |
|---|---|---|
| समूह-१ | ट्रक/कन्टेनर भाडामा लिने सम्बन्धी | १ करोड |
| समूह-२ | कुरियर सेवा लिने सम्बन्धी | ३० लाख |

३. यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कार्यालय समयमा यस आयोगमा निवेदन दर्ता गराउन सकिनेछ।

४. कुरियर सेवा प्रदान गर्न इच्छुक फर्म/कम्पनीले आफ्नो कुरियरको कार्यालय र प्रतिनिधि ७७ वटै जिल्लामा ... कुरियर सेवा प्रदान गर्ने सम्बन्धी विवरण निवेदनसाथ पेस गर्नुपर्नेछ।

## निर्वाचन आयोग, नेपाल

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

**स्थानीय तह निर्वाचन २०७९ मा उम्मेदवार भई कानुनले तोकेको समयावधि ३० (तीस) दिनभित्र निर्वाचन खर्चको विवरण पेस गर्ने उम्मेदवारहरूले खर्चको विवरण सार्वजनिक गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना**

**प्रकाशन मिति : २०७९।५।१**

स्थानीय तहको निर्वाचनमा उम्मेदवारी दिई निर्वाचित वा पराजित भई निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र निर्वाचन खर्चको विवरण पेस गर्ने उम्मेदवारहरूलाई निर्वाचनमा भएको खर्चको विवरण निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा ३१ को उपदफा (४) बमोजिम प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्षका उम्मेदवारहरूले आफू उम्मेदवार भएको स्थानीय तहको कार्यालयमा र वडा अध्यक्ष, महिला सदस्य, दलित महिला सदस्य र वडा सदस्य पदका उम्मेदवारहरूले आफू उम्मेदवार भएको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा सात दिनभित्र सार्वजनिक गरी सोको जानकारी सम्बन्धित जिल्लाको निर्वाचन कार्यालयलाई वा निर्वाचन आयोग नेपालमा उपलब्ध गराई दिनुहुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम निर्वाचन खर्चको विवरण पेस गर्ने उम्मेदवारहरूको नाम नामेसी सहितको विवरण आयोगको वेबसाइट www.election.gov.np मा र सम्बन्धित जिल्लाको जिल्ला निर्वाचन कार्यालयको सूचना पाटीमा टाँस गरिएको र सो कार्यालयको वेबसाइटमा समेत राखिएको हुँदा सूचना पाटी र वेबसाइटहरूमा हेर्न सकिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।